बैठक नं.१२

आज मिति २०७९/१०/११ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभा सदस्यहरुको उपस्थितिमा नगरसभाको बाह्रौ अधिवेशनको दोस्रो बैठक बसियो ।

समय: दिनको ११:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | प्रेमशिला धोवी | सदस्य | |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | आईप्रसाद राई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | |
| ३८ | रतिमाला वि.क. | सदस्य | |
| ३९ | अमृत खड्का | सदस्य | |
| ४० | हरिनारायण मिश्र | सदस्य | |
| ४१ | पुनम थापा | सदस्य | |
| ४२ | गोमा नेपाली | सदस्य | |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | |
| ४६ | विन्दु वि.क. | सदस्य | |
| ४७ | अनिल गहतराज | सदस्य | |
| ४८ | श्याम बहादुर थापा | सदस्य | |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | |
| ५० | तारा गहतराज | सदस्य | |

| स.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२ | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | |
| ५४ | सन्दिप खनाल | सदस्य | |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | तुल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सनीसरा सार्की | सदस्य | |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायादेवी दमाई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झविन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | |
| ९० | रेखा वि.क. | सदस्य | |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | टेकराज पन्थी | सचिव | |

मिति : २०७९।१०।११ गते बुधवार ।
समय: दिनको ११:०० बजे ।
स्थान : बुटवल उपमहानगरपालिकाको सभाहल ।

**नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरु, वैठक व्यवस्थापनका लागि खटिनु भएका कर्मचारी एवं पत्रकार मित्रहरु,**

अव म बुटवल उपमहानगरपालिकाको नगरसभाको बाह्रौ अधिवेशनको दोस्रो वैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

अव म ज्ञात अज्ञात शहिदहरु प्रति सम्मान प्रकट गर्नका लागि आ-आफ्नो आसनबाट उठि एक मिनेट मौन धारणका लागि अनुरोध गर्दछु ।

लोकतन्त्र प्राप्तिका लागि धेरैले सहादत प्राप्त गर्नुभयो । लाखौ जनता सडकमा होमिनु भयो । नेपाली जनताको ठुलो उत्सर्ग र योगदानबाट मात्र लोकतन्त्रको स्थापना भएको हो । उपमहानगरवासीहरुले हामीलाई ठूलो आशा र भरोसाले निर्वाचित गरेर पठाउनु भएको छ । हाम्रो मुल ध्येय नै सुशासन हो । हामी यहाँ विभिन्न दलहरुबाट प्रतिनिधित्व गरेका हौला तर हामीहरुले जनतालाई के वाचा र वचन दिएका छौ । बुटवल उपमहानगरपालिकाबाट जनताले सेवा पाउनु भएको छ छैन । हामी जनप्रतिनिधिहरु जनताको सेवक बन्न सकौ । विकास र भावना फरक कुरा हुन । यी जनप्रतिनिधिहरु हाम्रा हुन यिनीहरुले, हाम्रो पिरमर्का बुझ्दछन भन्ने भावना जगाउनु पर्दछ । त्यो भावनालाई बुझ्नुपर्दछ । हामी नयाँ भएका कारणले गर्दा पनि सोचे जस्तो काम हुन सकेको छैन होला । सुशासन कायम गरेका छन् । हाम्रो भावना बुझ्न सकेका छन् । दायित्वबाट पन्छिएका छैनन । जनप्रतिनिधिहरु हाम्रा सेवक हुन भन्ने मान्यतालाई स्थापित गरौ र सोही अनुरुपका कार्यहरु गर्दै उपमहानगरवासीहरुले आशा, भरोसा र विश्वास गर्ने वातावरण कायम गरौ भनी सवैमा हार्दिक अनुरोध गर्दछु ।

**प्रस्ताव नं.१२.२.१**
**नगरस्वास्थ्य ऐन, २०७५ संशोधन प्रस्ताव माथि छलफल एवं पारित सम्बन्धमा ।**
**निर्णय नं. १२.२.१**
पूर्व निर्धारित कार्यक्रम अनुसार मिति २०७९।९।२१ गते बसेको नगरसभाको बाह्रौ अधिवेशनको पहिलो वैठकको कार्यसूची नं. ३ अन्तर्गत टेवुल भएको र आजको कार्यसूची नं.१ मा रहेको बुटवल उपमहानगरपालिकाको नगर स्वास्थ्य ऐन, २०७५ संशोधन प्रस्ताव ,२०७९ माथिको छलफलमा देहायका सदस्य सहभागी हुनुभयो ।

| सि.नं. | नाम थर | वडा नं. |
|---|---|---|
| १. | श्री गौतमलाल शाक्य | २ |

बुटवल उपमहानगरपालिकाको उल्लेखित नगर स्वास्थ्य ऐन, २०७५ संशोधन प्रस्ताव २०७९ माथिको छलफलमा भाग लिने र सुझाव राख्ने क्रम समाप्त भई उक्त ऐन माथिको संशोधन प्रस्ताव सभाध्यक्षज्यूबाट पारितका लागि सभा समक्ष निर्णयार्थ पेश हुँदा सर्वसम्मति भएकोले देहाय बमोजिम हुने गरी बुटवल उपमहानगरपालिकाको नगरस्वास्थ्य ऐन, २०७५ माथि संशोधन गर्ने निर्णय गरियो ।

## नगर स्वास्थ्य ऐन, २०७५ (प्रथम संशोधन) २०७९

| ऐनको परिच्छेद, दफा, उपदफा | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| प्रस्तावना: | .....नेपालको संविधान २०७२ को धारा १२६ तथा .......... | .....नेपालको संविधान २०७२ को **धारा २२६** तथा .......... | नेपालको संविधान बमोजिमको धारा राखिएको, |
| परिच्छेद १, दफा २ को खण्ड झ | (झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल,...................., शहरी स्वास्थ्य केन्द्र तथा चौकीलाई सम्झनु पर्दछ । | (झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल,...................., शहरी स्वास्थ्य केन्द्र, **आधारभूत स्वास्थ्य केन्द्र** तथा चौकीलाई सम्झनु पर्दछ । | स्वास्थ्य संस्था परिभाषाको दायरा फराकिलो गराउदै **आधारभूत स्वास्थ्य केन्द** थप गरिएको। |
| परिच्छेद २, दफा ३ को खण्ड (घ) थप गरिएको, | | **(घ) प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु नि:शुल्क रुपमा प्रदान गर्न सकिनेछ ।**<br>**(अ) खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा र पोषण सेवा**<br>**(आ) गर्भवती, प्रसुती तथा सुत्केरी सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन लगायत प्रजनन स्वास्थ्य सेवा,**<br>**(इ) नसर्ने तथा सरुवा रोग सम्बन्धी सेवा,**<br>**(ई) स्वास्थ्य प्रवर्द्धन सेवा तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा,**<br>**(उ) सामान्य आकस्मिक स्वास्थ्य सेवा** | निशुल्क रुपमा सञ्चालन हुने सेवा तोकिएको, |

| | | | |
|---|---|---|---|
| परिच्छेद २, दफा ५ को उपदफा १ खण्ड छ | (छ)उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव | (छ) उपमहानगरपालिका स्वास्थ्य **महाशाखा प्रमुख** -सदस्य सचिव | नगर स्वास्थ्य समितिको सदस्य सचिवको रुपमा महाशाखा प्रमुखलाई जिम्मेवार गराई कार्य प्रभावकारिता ल्याउन । |
| परिच्छेद २, दफा ५ को उपदफा १.१ थप गरिएको, | - | **१.१ नगर स्वास्थ्य समितिको बैठकमा आवश्यकता अनुसार अन्य बिज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।** | नगर स्वास्थ्य समितिको बैठकमा बिज्ञ आवश्यक पर्ने भएकाले । |
| परिच्छेद २, दफा ६ को उपदफा १ खण्ड छ | (छ)उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव | (छ) उपमहानगरपालिका स्वास्थ्य **महाशाखा प्रमुख** -सदस्य सचिव | नगर स्वास्थ्य अनुगमन समिति को सदस्य सचिवको रुपमा महाशाखा प्रमुखलाई जिम्मेवार गराई कार्य प्रभावकारिता ल्याउन । |
| परिच्छेद २, दफा ९ को उपदफा २ खण्ड क | जनशक्ति : नेपाल सरकारबाट................... उपमहानगरपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ । | जनशक्ति : नेपाल सरकारबाट.................. उपमहानगरपालिकाले **मापदण्ड बनाई जनशक्ति थप गर्न सक्नेछ ।** | भाषामा सरलता ल्याउनका लागि। |
| परिच्छेद २, दफा १२ | पोलिक्लिनिक सञ्चालनको अनुमतिः (१)..........व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न........ | **क्लिनिक सञ्चालनको अनुमतिः** (१)..........व्यक्ति वा संस्थाले **क्लिनिक** सञ्चालन गर्न....... (२) उपदफा १ बमोजिमको अनुमतिको लागि आवश्यक मापदण्ड बनाई लागु गरिनेछ । | पोलिक्लिनिक सञ्चालनको अनुमति प्रदेश स्तरमा रहेकाले, |
| परिच्छेद ३, दफा २० को उपदफा १ | (१) ............... उपमहानगरपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ । | (१) ............... उपमहानगरपालिकाले **सेवा करारमा** स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ । | समायोजन भएर स्वास्थ्यकर्मी नआएमा सेवा करारबाट कार्य गर्नुपर्ने भएकाले। |

**प्रस्ताव नं.१२.२.२**
**पशुवधशाला संचालन र व्यवस्थापन विधेयक, २०७९ टेवुल गर्ने सम्बन्धमा ।**
**निर्णय नं. १२.२.२**
सभाध्यक्षज्यूको अनुमति बमोजिम विधेयक समितिका संयोजक श्री नरेन्द्र बस्नेतले बुटवल उपमहानगरपालिकाको पशुवधशाला संचालन र व्यवस्थापन विधेयक, २०७९ सभा समक्ष टेवुल गर्नुभयो ।
अव म आजको सभाको कार्यसूची नं.२ अन्तर्गत रही भर्खर यस सभा समक्ष प्रस्तुत भई टेवुल भएको बुटवल उपमहानगरपालिकाको पशुवधशाला संचालन र व्यवस्थापन विधेयक, २०७९ माथि आजै बस्ने बाह्रौ अधिवेशनको तेस्रो बैठकमा छलफल गरिने भएको हुँदा उक्त विधेयक माथिको छलफलमा भाग लिन चाहनु हुने सभाका सदस्यज्यूहरुलाई सचिवालयमा सम्पर्क राखी नाम टिपोट गराउन अनुरोध गर्दछु ।

**प्रस्ताव नं.१२.२.३**
**बुटवल उपमहानगरपालिकाको जलस्रोत नीति, २०७९ टेवुल गर्ने सम्बन्धमा ।**
**निर्णय नं. १२.२.३**
सभाध्यक्षज्यूको अनुमति बमोजिम आर्थिक विकास समितिका संयोजक श्री डिल्ली प्रसाद शर्माले बुटवल उपमहानगरपालिकाको जलस्रोत नीति, २०७९ सभा समक्ष टेवुल गर्नुभयो ।

अव म आजको कार्यसूची नं.३ अन्तर्गत रही भर्खर यस सभा समक्ष प्रस्तुत भई टेवुल भएको बुटवल उपमहानगरपालिकाको जलस्रोत नीति, २०७९ माथि आजै बस्ने बाह्रौ अधिवेशनको तेस्रो बैठकमा छलफल गरिने भएको हुँदा उक्त नीति माथिको छलफलमा भाग लिन चाहनु हुने सभाका सदस्यज्यूहरुलाई सचिवालयमा सम्पर्क राखी नाम टिपोट गराउन अनुरोध गर्दछु ।

**प्रस्ताव नं.१२.२.४**
**समसामयिक विविध निर्णयहरु स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं. १२.२.४.१**
प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बुटवल उपमहानगरपालिकाको विभिन्न वडाहरुबाट प्रस्ताव भई आएका र मिति २०७९।९।१४ मा बसेको बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको बैठकको निर्णय नं.८.८ बाट समेत सिफारिस भएका देहाय बमोजिमका ३३ वटा आयोजनाहरुलाई कार्यान्वयन गर्दै जाने गरी प्रस्तुत प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

| सिफारिस भएको योजना | वडा नं. | स्थान |
|---|---|---|
| १. सार्वजनिक शौचालय मर्मत सम्भार तथा ढल एवं नाली सरसफाई कार्यक्रम बुटवल १ | १ | वडा भित्रका विभिन्न स्थानहरु |
| २. पैदलमार्ग निर्माण तथा मर्मत पुस्पनर्सिह टोल अन्तर्गत | २ | पुस्पनसिह टोल |
| ३. गल्ली बाटो पि. सि. सि. मिना ठकुरीको घर देखि चेतन ठाडा मगरको घर सम्म | २ | मिना ठकुरीको घर देखि चेतन ठाडा मगरको घर सम्म |
| ४. चौपारीको मर्मत सम्भार(भीमसेन) समाज सुधार टोल अन्तर्गत | २ | भीमसेन समाज सुधार टोल |
| ५. वडा नं. २ अन्तर्गत पर्ने सार्वजनिक जग्गा तथा बाटो छेउछाउ सफाई | २ | वडा भित्रका विभिन्न स्थानहरु |
| ६. साक्षरता(प्रौढशिक्षा) कार्यक्रम संचालन | २ | वडा भित्रका विभिन्न स्थानहरु |
| ७. मिलन टोल र चेतना पासाङ्ग टोल जोडने रिंगरोड बाटो निर्माण | ३ | मिलन टोल र चेतना पासाङ्ग टोल |
| ८. अजय रावलको घर पछाडि रिटेनिंग वाल निर्माण | ३ | अजय रावलको घर पछाडि |
| ९. चिरन्जीवी न्यौपानेको घर अगाडि वाल निर्माण | ३ | चिरन्जीवी न्यौपानेको घर अगाडि |
| १०. सुखौरा खोला तटबन्ध | ४ | वडा नं. ४ आदर्शनगरको पुल देखि प्रगतिनगरको पुल सम्म |
| ११. डिभाईडरमा रहेको फूलहरु संरक्षण, रंगरोगन तथा विशेष सरसफाई | ४ | वडा नं. ४ ट्राफिक चोक देखि नेपाल बिधुत प्राधिकरणको कार्यालय जाने बाटो सम्म |
| १२. लक्ष्मीपार्कमा सरसफाइ तथा स्तरोन्नती | ४ | बु.उ.म.न.पा. वडा नं. ४ को लक्ष्मी नगर |
| १३. सौभाग्यनगरमा फुटवल मैदान पछाडि तटबन्ध निर्माण | ५ | सौभाग्यनगर |
| १४. कच्ची नाला निर्माण | ७ | शिवनगर सफाई पार्कको |

| | | |
|---|---|---|
| | | उत्तरतर्फ बाहिरी फेरामा |
| १५. पहुचमार्ग निर्माण | ७ | शिवनगर सरसफाई पार्क जाने स्थल |
| १६. झाडी सफाई तथा वृक्षहरुको सौन्दर्यकरण | ७ | शिवनगर सरसफाई पार्क परिसर |
| १७. नर्सरी निर्माण | ७ | शिवनगर सरसफाई पार्क |
| १८. वन क्षेत्र भित्र झाडी सफाई | ७ | शिवनगर सामुदायिक वन |
| १९. भौतिक संरचना तथा सुन्दरीकरण | ७ | ईको टुरिजम पार्क परिसर |
| २०. अग्नी नियन्त्रण कार्यक्रम | ७ | शिवनगर सामुदायिक वन |
| २१. गौशाला सरसफाई तथा व्यवस्थापन | ७ | शिवनगर सामुदायिक वन भित्र |
| २२. सडक गाई व्यवस्थापन कार्यक्रम | ७ | शिवनगर सामुदायिक वन भित्र |
| २३. बेसार खेती( बेसारको बीउ लगाउने र झारपात उखेल्ने) | १० | रामनगर सामुदायिक बन क्षेत्र भित्र |
| २४. फलफूलका बिरुवाको संरक्षण गर्ने | १० | रामनगर सामुदायिक बन क्षेत्र भित्र |
| २५. जितेश्वरी टोल विकास संस्था अन्तर्गत रहेको धारापानीको मुहान देखि भैरव मन्दिर माथि रहेको पोखरी सम्म खानेपानीको व्यवस्था गरी त्यस ठाउँ वरपर हराभरा गराउने तथा पोखरी निर्माण कार्य | १३ | जितेश्वरी टोल विकास संस्था अन्तर्गत रहेको धारापानीको मुहान देखि भैरव मन्दिर माथि रहेको पोखरी सम्म |
| २६. सडक अधिकार क्षेत्र भित्रका झाडी हटाउने सरसफाई गर्ने | १४ | वडा १४ भित्र |
| २७. जनमैत्री टोल ५०० मि. नाली सरसफाई | १४ | जनमैत्री टोल |
| २८. जनमैत्री टोल सार्वजनिक जग्गा सम्याउने तारवार गर्ने | १४ | जनमैत्री टोल |

| | | |
|---|---|---|
| २९. बेलबास बेथरी सडकको किनारमा रहेको सिंचाई नहरको छेउछाउमा रहेको नर्कट ढोंडेको सरसफाई कार्य | १७ | बेलबास बेथरी सडक |
| ३०. वडा कार्यालय १७ को कार्यालय रंगरोगन | १७ | वडा १७ को कार्यालय |
| ३१. बेलबास बेथरी सडकको वडा १८ अन्तर्गत पर्ने क्षेत्रभित्रको झाडी बुट्यान हटाउन लगाई सडक किनारमा फलफूलका बिरुवा लगाई सडकलाई सौन्दर्य बनाउने कार्य | १८ | बेलबास बेथरी सडकको वडा १८ अन्तर्गत पर्ने क्षेत्रभित्र |
| ३२. वडा १८ अन्तर्गतका टोलहरुका मुख्य मुख्य सिचाईका कुलाहरु र मठ मन्दिरहरुको मर्मत सम्भार गर्ने कार्य | १८ | वडा १८ अन्तर्गत |
| ३३. खेती र कुलोको किनारमा नर्कट झाडी कटानी गर्ने र नर्कट निर्मुल पार्ने स्प्रे गर्ने | १९ | वडा नं. १९ अन्तर्गत |

**प्रस्ताव नं.१२.२.४.२**
**रात्रीकालीन बजार सञ्चालन सम्बन्धमा ।**
**निर्णय नं. १२.२.४.२**

तिब्र शहरीकरणतर्फ उन्मुख यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका केही स्थानहरुमा रात्रीकालीन बजार लगाउनका लागि समयको माग र आवश्यक देखिएको तथा रात्रीकालीन बजार सञ्चालन हुँदा आर्थिक हिसाबले पनि बजार चलायमान हुने देखिएकाले बुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनलको पश्चिम निकास ईटाभट्टीदेखि होराईजनचोक सम्मको क्षेत्रमा रात्रीकालीन बजार सञ्चालन गर्ने र उक्त क्षेत्रमा सडकबत्ती, आवश्यकताअनुसार सीसीटीभी क्यामरा जडान र सुरक्षा व्यवस्थाको प्रबन्ध मिलाउनका लागि जिल्ला प्रशासन कार्यालय रुपन्देही लगायतका सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्ने गरी प्रस्तुत प्रस्ताव स्वीकृत गरियो ।

**प्रस्ताव नं.१२.२.४.३**
**प्रोत्साहन सुविधा सम्बन्धमा ।**
**निर्णय नं. १२.२.४.३**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र रहेका खोलाखोल्सी र नदीहरुबाट अनधिकृत रुपमा नदीजन्य पदार्थ उत्खनन् तथा चोरी निकासी रोक्न विशेष चासो दिनुपर्ने भएकोले बुटवल उपमहानगरपालिका क्षेत्रलाई सफा, स्वच्छ र सुन्दर बनाउनका लागि सार्वजनिक क्षेत्रमा नियमविपरीत व्यवसाय सञ्चालन, पार्किङ गर्ने, इजाजतविना सञ्चालन हुने ईरिक्सा र टेम्पोजस्ता सवारी साधनहरुलाई नियमानुसार कारबाहीको दायरामा ल्याउन एवं नदीजन्य पदार्थको चोरी निकासी रोक्नेलगायतका कार्यमा खटिने बुटवल उपमहानगरपालिकाका नगर

प्रहरी, राजश्व शाखा र प्राकृतिक स्रोत तथा सम्पत्ति व्यवस्थापन शाखामा कार्यरत कर्मचारीहरुलाई समेत प्रोत्साहन सुविधा उपलब्ध गराउने गरी प्रस्तुत प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१२.२.४.४**
**नागरिक वडापत्र सम्बन्धमा ।**
**निर्णय नं. १२.२.४.४**
हाल प्रचलनमा रहेको नागरिक बडापत्रलाई सुधार गर्दै राष्ट्रिय भाषाका अतिरिक्त अन्य तीन स्थानीय प्रमुख भाषामा समेत प्रकाशित गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१२.२.४.५**
**सशुल्क पार्किङ्ग सम्बन्धमा ।**
**निर्णय नं. १२.२.४.५**
बुटवल नगर अत्यन्त व्यस्त र तीब्र शहरीकरणतर्फ उन्मुख शहर भएको । पार्किङ्ग व्यवस्थालाई व्यवस्थित गर्न जरुरी एवं आवश्यक समेत भएकोले नगरक्षेत्रका खाली स्थानहरुमा सःशुल्क पार्किङ्ग व्यवस्था मिलाउने गरी वडाहरुमा सम्बन्धित वडाहरुले नै व्यवस्थापन गर्ने र त्यस वापत्को निश्चित शुल्क वडा कार्यालयहरुलाई आन्तरिक व्यवस्थापन प्रयोजनका लागि उपलब्ध गराउने गरी प्रस्तुत प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१२.२.४.६**
**नगरभित्रका पार्कहरुको व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. १२.२.४.६**
बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका पार्कहरु उपमहानगरपालिका मातहतमा रहने गरी व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक कानून तर्जुमा गर्ने गरी प्रस्तुत प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची अन्तर्गत रहेको विषयहरु माथि टेवुल गर्ने र छलफल गर्ने कार्यक्रम समाप्त भएको हुँदा नगरसभाको बाह्रौ अधिवेशनको तेस्रो वैठक आजै दिनको ३:०० बजे पुनः बस्ने गरी उक्त समयसम्मका लागि यो बैठक यहि स्थगित भएको घोषणा गर्दछु ।

०८३/१०/११